## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## स्थलमार्गबाट खाद्यवस्तु ढुवानी सम्वन्धि सम्झौता गर्न आउने बारे सूचना

**प्रकाशित मिति २०७८।०९।१७**

यस कम्पनीबाट आर्थिक वर्ष २०७८/०७९ मा स्थलमार्गबाट खाद्यवस्तु ढुवानीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी मिति २०७८।०८।१० गते तेस्रो पटक सूचना प्रकाशित गरिएकोमा तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही जम्मा १० वटा ढुवानी सेक्टरका बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना मिति २०७८।०९।०९ गते प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र कसैको पनि दावि विरोधको निवेदन नपरेको हुँदा उक्त सूचनामा उल्लेखित सबै १० वटा सेक्टरका बोलपत्रहरु स्वीकृत गरी सम्वन्धित बोलपत्रदाताहरुसंग १५ (पन्ध्र) दिन भित्र ढुवानी सम्झौता गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ३ र ४ बमोजिम नियमानुसारको कार्य सम्पादन जमानत लिई वा नगद धरौटी दाखिला गरी सम्वन्धित कार्यालयहरुमा १५ (पन्ध्र) भित्र सम्पर्क गरी नियमानुसार सम्झौता गर्नु हुन सम्वन्धित बोलपत्रदाताहरुलाई यसै सूचना द्वारा जानकारी गराईन्छ । तोकिएको म्याद भित्र ढुवानी सम्झौता नगरेमा प्रचलित ऐन नियम बमोजिम कारवाही हुने र खाद्यान्न ढुवानी सेक्टर, स्वीकृत बोलपत्रदाताको नाम, ठेगाना, कबोल दर आदि बारे विस्तृत जानकारी मिति २०७८।०९।०९ गतेको गोरखापत्र, यस कम्पनीको Website : WWW.fmtc.org.np मा तथा यस कम्पनीको कार्यालयहरुको सूचना पाटिमा टाँस गरिएको व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

खरिद एकाई,प्रधान कार्यालय, काठमाडौं, फोन नं 0१४२५५३६५ (Website : WWW.fmtc.org.np)